प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, रुपन्देही

स्वकीय सचिवालय
सुदर्शन बराल
मन्त्री

प.सं.: 066/065
च.नं.: 02

मिति: २०७७/०४/०५

## प्रेस वक्तव्य

प्रदेशमा कोभिड-१९ को महामारी नियन्त्रणका लागि अग्र पंक्तिमा रहनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, व्यवसायी तथा आम जनसमुदायमा सामाजिक विकास मन्त्रालय हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

प्रदेशमा कोभिड नियन्त्रण भई नसकेको भएतापनि विगतका केही दिनको कोभिड तथ्याङ्क हेर्दा नियन्त्रण उन्मुख रहेको छ। हाल यस प्रदेशमा कोभिड-१९ पोजेटिभ ४०९९ जना मध्ये ३७७१ जना निको भई घर फर्केको र ३१५ जनामा सकृय केशहरु विभिन्न अस्पताहरु र आइसोलेसन सेन्टरमा उपचाररत हुनुहुन्छ। यस प्रदेशमा कोभिड-१९ संक्रमण पुष्टि भएका १३ जना संक्रमितको मृत्यु समेत भएको छ। मृतक प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु।

प्रदेश सरकारले कोभिड-१९ महामारीको प्रभाव समुदायस्तरसम्म फैलिएको वा नफैलिएको पत्ता लगाउनको लागि अधिक जनसम्पर्क हुने स्थानहरु जस्तै बैक तथा वित्तीय संस्था, अत्यावश्यक सामग्री बिक्री वितरण गर्ने पसलहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत जनसमुदायस्तरबाट नमूना संकलन गर्नका लागि प्रदेशका ६ जिल्लाहरु अर्घाखाँची, नवलपरासी (ब.सु.प.), रुपन्देही, बर्दिया, कपिलवस्तु र दाङबाट १२०० जनाको Random Sampling विधिवाट नमूना संकलन गरी पि.सि.आर. परीक्षण गर्न गैरहेको व्यहोरा जानकारी गराउँदै यस कार्यमा सहयोगको लागि अनुरोध गरिन्छ। यसले समुदायस्तरमा हामीलाई जोखिमको स्तरबारे सही तथ्याङ्क र सूचना दिनेछ, जसका आधारमा हामी आगामी दिनमा महामारी न्युनिकरण र महामारीले उत्पन्न गरेको प्रभावहरुलाई यथोचित सम्बोधन गर्न आवश्यक योजनाहरु बनाउन समेत सफल हुनेछौं।

आशा छ, हामी छिट्टै यस प्रदेशमा कोभिड-१९ माथि नियन्त्रण कायम गर्न सफल हुनेछौं।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री